# पाल्हीनन्दन गाउँपालिका
# Palhinandan Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
### कुश्मा, नवलपरासी (ब.सु.प.),लुम्बिनी प्रदेश

पत्र संख्या (Letter No.) ०८१/०८२ kushma, Nawalparasi (Ba.Su.Pa.), Lumbini pradesh,
चलानी नं.(Ref. No.) :

कर्मचारी आवश्यकता सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति :२०८१।१२।१२

यस पाल्हिनन्दन गाउँपालिका कार्यालयका लागि तपशिल बमोजिमको पदमा खुल्ला प्रतियोगिता मार्फत करार कर्मचारी पदपुर्ती गर्ने कार्यविधी २०८० बमोजिम सेवा करारमा कर्मचारी भर्ना गर्नुपर्ने भएकोले देहायका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले आवश्यक कागजात सहित म्याद भित्र दरखास्त पेश गर्नु हुन पदपुर्ती समितिको २०८१।१२।११ गतेको निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ।

| सि.न. | विज्ञापन नं | पद | पद संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | ०१/०८१-०८२ | मनोसामाजीक परामर्शकर्ता (साहायक पाँचौ तह) | १(महिला) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्व विद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग /मनो विज्ञान /समाजशास्त्र/ सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उर्तीण गरेको वा पोष्ट ग्राजुयट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>मनोसामाजीक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा कामगरेको अनुभवी महिलालाई बिशेष प्राथमिकता दिईने छ।<br>प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।<br>कम्प्यूटर सम्बन्धि आधारभुत ज्ञान भएको, word,excel, powerpoint मा दिईएको प्रश्न उत्तर नेपाली वा अग्रेजी भाषामा उल्था गर्नु पर्ने छ।<br>नेपाली र अंग्रेजी दुबै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने।<br>नोट : यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनु पर्ने छ। |
| २ | ०२/०८१-०८२ | रिटर्नी स्वंयसेवक | १ | न्युनतम कक्षा ८ पास गरी वैदेशीक रोजगारी ( खाडी मुलुक र मलेशिया मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको।<br>सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ।<br>प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको<br>नोट : यी पदका लागि सम्बन्धित स्थानिय तह तथा अनुभवीलाई प्राथमिकत दिइने छ। |

दरखास्त बुझाउने स्थान : पाल्हीनन्दन गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय।

करार अवधी: २०८२ असार मसान्त सम्म।

परिक्षाको किसिम : मनोसामाजीक परामर्श कर्ताको हकमा (लिखित, अन्तवार्ता र प्रयोगात्मक) र रिटर्नी स्वयंसेवकको हकमा लिखित र अन्तवार्ता ।

तलब तथा अन्य सुविधा : मनोसामाजीक परामर्श कर्ताको लागि पाँचौ सरह र रिटर्नी स्वयंसेवकको लागि रु १८,०००।

आवश्यक कागजातहरु : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी,शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपी,अनुभव प्रमाणपत्रको प्रतिलिपी र आफुले आवेदन दिन चाहेको पदको लागि भरिएको फारम।

उमेर : १८ बर्ष पुरा भइ ३५ बर्ष ननाघेको। महिलाको हकमा ४० बर्ष ननाघेको

छनौट प्रकिया : प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अर्न्तवाता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ। प्रत्येक पदमा अवसरबाट बन्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ।

दरखास्त दिने अन्तिम मिति : सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र

परिक्षा दस्तुर : मनोसामाजीक परामर्शकर्ताको रु ७००। तथा रिटर्नी स्वंयसेवकको रु ५००।

बृजकिशोर प्रसाद
प्रमुख प्रशासकीय अधिकृत